# कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
२०७४

मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८२।०८३
चलानी नं.: १६५

मितिः ........२०८२।०४।१६.......

श्री वडा कार्यालय सबै
कविलासी नगरपालिका सर्लाही ।

विषयः- सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा श्री जिल्ला निर्वाचन कार्यालय सर्लाहीको प.सं.०८२।८३ च.नं.२ मिति २०८२।०४।०८ गतेको पत्र सहित **मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचना** पाना थान-१ अनुसार मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२ सम्बन्धी मतदाता नामावली प्रकाशन, त्रुटी भएको विवरण सच्याउने, दाबी विरोध लगायतका क्रियाकलाप सहितको व्यहोरा भएको यसै साथ संलग्न सूचना (अनुसूची १) मतदाताको जानकारी प्रयोजनार्थ वडा कार्यालयको सूचना पाटीमा टाँस हुने व्यवस्था मिलाइ दिनुहुन अनुरोध छ ।

२०८२।०४।१६
राज किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
**श्री सूचना प्रविधि शाखा, कविलासी न.पा.:-** Website मा upload गरी सबै वडा कार्यालयमा पत्राचार गर्नुहुन ।

इमेल ठेगानाः Kabilasimun@gmail.com वेवसाईटः www.kawilasimun.gov.np

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

सर्लाही

प.स. ०८२/०८३

च.न.: 2

मिति: २०८२।०४।०८ गते

विषय : सूचना टाँस सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

सर्लाही।

प्रस्तुत विषयमा मतदाता नामावली अद्यावधिक (दावी विरोध) कार्यक्रम, २०८२ सम्वन्धी मतदाना नामावली प्रकाशन, त्रूटी भएको विवरण सच्याउने, दाबी विरोध लगायतका क्रियाकलाप सहितको व्यहोरा भएको यसै साथ संलग्न सूचना (अनुसूची १) मतदाताको जानकारी प्रयोजनार्थ तहाँ नगरपालिका/गाउँपालिकाको प्रत्येक वडा कार्यालयको सूचनापाटीमा टाँस हुने व्यवस्था मिलाइदिनहुन अनुरोध छ।

शिव नारायण शाह

जिल्ला निर्वाचन अधिकारी

मलंगवा न.पा. -१०, सर्लाही फोन नं ०४६-५२०४४७

E-Mail: deo.sarlahi@election.gov.np

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"

अनुसूची-१

(मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ को दफा ४ र दफा १३ सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, .......

## मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल साउन, भदौ महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२ साउन १४ | | https://www.election.gov.np सूचना प्रविधि शाखा |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२ साउन १५ | २०८२ साउन २२ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त भएमा हटाउनुपर्ने भए हटाउने र अद्यावधिक गर्नुपर्नेलाई अद्यावधिक गर्ने। | २०८२ साउन २२ | २०८२ साउन २९ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२ साउन ३० | २०८२ भदौ २ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२ भदौ ३ | २०८२ भदौ ८ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८२ भदौ ९ | २०८२ भदौ १६ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२ भदौ २५ | | निर्वाचन आयोग |